आज मिति २०८२/०४/०१गतेको दिन बेलुका ५:३० बजे यस ब्रह्मपुरी गाउँ कार्यपालिका प्रमुख श्री राम पदारथ साह तेलि ज्युको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न अनुसारको पदाधिकारिको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष श्री राम पदारथ साह तेली | अध्यक्ष |
| २. | गाउँपालिका उपाध्यक्ष श्री श्यामकला यादव | सदस्य |
| ३. | वडा नं. १ अध्यक्ष श्री निरन्जन प्रसाद कलवार | सदस्य |
| ४. | वडा नं. २ अध्यक्ष श्री शंकर साह | सदस्य |
| ५. | वडा नं. ३ अध्यक्ष श्री गौतम कुमार यादव | सदस्य |
| ६. | वडा नं. ४ अध्यक्ष श्री श्यामा बाबु साह | सदस्य |
| ७. | वडा नं. ५ अध्यक्ष श्री नबिन कुमार यादव | सदस्य |
| ८. | वडा नं. ६ अध्यक्ष श्री हिरेन्द्र कुमार यादव | सदस्य |
| ९. | वडा नं. ७ अध्यक्ष श्री राम सागर महतो कोइरी | सदस्य |
| १०. | का. स. श्री बिना कुमारी देवी | सदस्य |
| ११. | का. स. श्री दशरथ साह कानु | सदस्य |
| १२. | का. स. श्री पल्टु माझी | सदस्य |
| १३. | का. स. श्री रेखा कुमारी महतो | सदस्य |
| १४. | का. स. श्री शिव दुलारी देवी | सदस्य |
| १५. | का. स. श्री शान्ति देवी | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत श्री उपेन्द्र राउत | सदस्य सचिव |

आमन्त्रित

| | | |
|---|---|---|
| १७. | प्रशासन शाखा श्री रामा कान्त शाह | ज.स्वा.नि.(छैठौं |

प्रस्ताव नं.१ सेवा निरन्तरता सम्बन्धमा ।

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरुको म्याद थपका लागी यस गाँउ कार्यापालिकाको मिति २०८१।०३।३१ गतेको १८औं गाउँ सभाको निर्णयानुसार यस कार्यालय अन्तर्गत रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजक हकमा प्रधानमन्त्री रोजगार कार्यक्रमको प.सं.४-०८१।०८२ च.नं. ४१९ मिति २०८२।०२।०१ गते को पत्रानुसार रोजगार संयोजकको लागि तलब भत्ता व्यवस्थापन हुने देखिन्छ भनि लेखि आएको र आ.व. २०८२।०८३ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५, को अनुसुची (१०) बमोजिम निजको कार्य सम्पादन मुल्याङ्कन समेत सन्तोषजनक रहेको तथा तोकिएको समय अवधि भित्र रोजगार संयोजकको का.स.मू.Online मार्फत पठाउन नसकेको कारणले मन्त्रालयबाट सहमति प्राप्त हुन नसकेको हुदाँ सेवा प्रवाहमा कर्मचारीहरुको अभावको कारण कामकाजमा बाधा पर्ने भएकोले पुनः प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यरत रोजगार संयोजक श्री विशेश्वर साहलाई प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५, को दफा ४८को उपदफा (१)को अनुसुची ८ बमोजिम मिति २०८२।०४।०१ देखि लागु हुने गरी २०८३ असार मसान्त सम्म को लागी म्याद थप तथा करार सम्झौता गरी सम्बन्धित पदका लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सेवा सुबिधा उपल्वध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.२** भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं.२** प्रस्ताव नं.२ माथि छलफल गर्दा आ.व. २०८१।०८२ मा यस गाउँपालिकाको पुजिगत र सडक बोर्ड पुजिगत का देहाय बमोजिमको भुक्तानी दिन बाँकी रहेकोले तपसिल अनुसारको भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी स्वीकृत गर्ने निर्णय गरियो। साथै वजेटको व्यवस्थापन तथा निकासा हुन साथ उक्त योजनाको रकम भूक्तानी को प्रकृया अगाडी बढाउने निर्देशन दिने निर्णय गरियो ।

| दायित्व सृजना भएको मिति | कारोवार संकेत नं. | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउने नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| २०८२।०२।०७ | | गाउँपालिका पुजिगत | वडा नं १ देखि ७ सम्म कृषि विधुतिकरणको लागि तार पोल तथा ट्रान्सफर्मर खरिद जडान कार्य | तार पोल तथा ट्रान्सफर्मर जडान कार्य वापतको रकम | श्री कृष्ण एण्ड लक्ष्मी कन्स्ट्रक्सन कौडेना १ लक्ष्मीपुर सुकचैना सर्लाही | ७३९९४३३।८० | आर्थिक वर्षको अन्त्य तिर सम्झौता भएकोले सम्झौता अवधिमा काम सम्पन्न हुन नसकेकोले म्याद थप भएकोले भुक्तानी हुन नसकेको |
| २०८२।०२।२२ | | सडक बोर्ड | वडा नं १ मदन वाबाको मन्दिर नजिकको कलभर्ट देखि वडा नं २ को महदेवा टोल सम्मको सडकको माटो ग्रभेल र कलभर्ट सहितको स्तरउन्नति कार्य | वडा नं १ मदन बाबाको मन्दिर नजिकको कलर्भट देखि वडा नं २ को महदेवा टोल सम्म सडकको माटो ग्राभेल र कलर्भट सहितको स्तरोउन्नती कार्य बापतको रकम | मदन बाबाको मन्दिर नजिकको कलर्भट देखि महदेवा टोल सम्म सडक स्तरउन्नती उ स | १७०७६००।०० | समयमा रकम निकासा नआएकोले भुक्तानी हुन नसकेको |